# अजोड इन्स्योरेन्स लिमिटेड
# AJOD Insurance Limited

हरेक कदमको सहयात्री...


मिति : मंसिर ९, २०७९

च.नं. अइलि/१५०२/ २०७९/०८०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं
नेपाल ।

विषय : विशेष साधारण सभाको निर्णयहरु सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०७९/०८/०९ गते शुक्रवार सम्पन्न विशेष साधारण सभाबाट निम्न विशेष प्रस्तावहरु पारित गर्ने निर्णय भएको जानकारी गराउन चाहन्छौं ।

**(क) विशेष प्रस्तावहरु :**

१) नियमनकारी निकायको निर्देशन तथा समयानुकुल पूँजी बृद्धिको आवश्यकतालाई दृष्टिगत गरी अन्य कुनै निर्जीवन बीमा कम्पनीसँग एक आपसमा गाभ्न/गाभिन तथा प्राप्ति गर्ने प्रयोजनका लागि उपयुक्त नीर्जीवन बीमा कम्पनीको पहिचान तथा छनोट गर्ने एवं संचालक समिति समक्ष सोको जानकारी तथा सिफारिस गर्ने कार्यको लागि मिति २०७९।०२।२५ गते बसेको संचालक समितिको १०५ औ बेठकबाट गाभ्न/गाभिन तथा प्राप्ति गर्ने सम्वन्धी उपसमिति गठन गर्ने र सोको स्वीकृतिका लागि श्री बीमा समिति (हाल श्री नेपाल बीमा प्राधिकरण) मा पेश गर्ने निर्णय गरी श्री बीमा समिति (हाल श्री नेपाल बीमा प्राधिकरण) मा पेश भएकोमा समितिबाट मर्जर अध्ययन कमिटीको स्वीकृति प्राप्त भएको हुँदा उक्त मर्जर अध्ययन कमिटी गठन गर्ने बारेको निर्णय अनुमोदन गर्ने निर्णय ।

२) एक आपसमा गाभ्न/गाभिन तथा प्राप्ति गर्ने प्रयोजनका लागि कम्पनीको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरिक्षकहरु नियूक्त गर्ने सिलसिलामा कम्पनीको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन कार्य (DDA) गर्न, आवश्यकता अनुसार बीमाङ्कीय मूल्याङ्कनका लागि परामर्शदाता, मूल्याङ्कनकर्ता लगायत कानूनी परामर्शदाता र अन्य विज्ञ नियूक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्न तथा कम्पनी एक आपसमा गाभ्न/गाभिनसंग सम्वन्धित प्रचलित नियम, कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य एवं प्रक्रियाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायले निर्देशन गरे बमोजिम विवरणहरु उपलब्ध गराउने लगायतका कम्पनी गाभ्न/गाभिने सम्वन्धी अन्य आवश्यक कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय ।

२०७९।०८।०९


सि.टि.सी. मल, सातौं तल्ला, बागदरबार मार्ग, सुन्धारा, पोष्ट बक्स नं. २६४१२, काठमाडौं, नेपाल
फोन: ०१-४२४३०७२, ४२४३३०३, ४२३३७४३, टोल फ्रि नं.: १६६०-०१८६४९६, फ्याक्स: ९७७-१-४२४४०१३
E-mail: info@ajodinsurance.com, Web: www.ajodinsurance.com

३) कम्पनीमा संस्थापक समुह तथा सर्वसाधारण समूहको शेयर स्वामित्व संरचना क्रमश ७०:३० को अनुपातमा रहेकोमा संस्थापक समुहको १९ प्रतिशत शेयर सर्वसाधारण शेयरमा परिवर्तन (Conversion) गरि कम्पनीको शेयर स्वामित्व संरचना ५१:४९ प्रतिशतको अनुपात कायम गर्ने निर्णय ।

४) उपरोक्त प्रस्ताव नं. ३ को व्यवस्था समेत समावेश गरि सम्वन्धित नियमक निकायबाट स्वीकृति पश्चात कम्पनीको प्रवन्धपत्र संशोधन गर्ने निर्णय ।

५) उपरोक्त प्रस्तावहरुको सम्बन्धमा सम्वन्धीत निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव दिएमा सोहि बमोजिम गर्न गराउन तथा अभिलेख गर्दा गराउदा केहि हेरफेर गर्न संशोधन सम्बन्धी कागजात प्रमाणीत गर्न, दाखिल खारेज गर्न र सम्वन्धीत निकायबाट अभिलेख गराई लिन समेत संचालक समितिलाई अख्तियार दिने निर्णय ।

(ख) विविध ।

भवदीय,

.....................

बैद्यनाथ प्रसाद उपाध्याय
कम्पनी सचिव/मुख्य प्रवन्धक